# स्थानीय विपद् व्यवस्थापन तथा वातावरण संरक्षण सम्बन्धी एकीकृत अनुगमन प्रतिवेदन

जिल्ला समन्वय समितिको कार्यालय

बागमती प्रदेश, धुन्चे, रसुवा

जेठ, २०८३

विषयसूची


१ पृष्ठभूमिः ........................................................................................................ १

२ सन्दर्भः ........................................................................................................ १

३ उद्देश्यः ........................................................................................................ १

४ टोली र मितिः ........................................................................................................ २

५ विधिः ........................................................................................................ २

६ प्राप्तिः ........................................................................................................ २

६.१ आमाछोदिङमो गाउँपालिका ........................................................................................................ २

६.१.१ स्थानीय विपद् व्यवस्थापनका सम्बन्धमा आमाछोदिङमो गाउँपालिकाबाट प्राप्त भएको विवरणः ........... २

६.१.२ वातावरण संरक्षण सम्बन्धमा आमाछोदिङमो गाउँपालिकाबाट प्राप्त भएको विवरणः ........................ ३

६.१.३ समस्या र चुनौतिः ........................................................................................................ ४

६.२ उत्तरगया गाउँपालिका ........................................................................................................ ४

६.२.१ स्थानीय विपद् व्यवस्थापनका सम्बन्धमा उत्तरगया गाउँपालिकाबाट प्राप्त भएको विवरणः ................ ४

६.२.२ वातावरण संरक्षण सम्बन्धमा उत्तरगया गाउँपालिकाबाट प्राप्त भएको विवरणः ............................ ५

६.२.३ समस्या र चुनौतिः ........................................................................................................ ५

६.३ कालिका गाउँपालिका ........................................................................................................ ५

६.३.१ स्थानीय विपद् व्यवस्थापनका सम्बन्धमा रसुवाको कालिका गाउँपालिकाबाट प्राप्त भएको विवरणः ........ ५

६.३.२ वातावरण संरक्षण सम्बन्धमा कालिका गाउँपालिकाबाट प्राप्त भएको विवरणः ................................ ६

६.३.३ समस्या र चुनौतिः ........................................................................................................ ७

६.४ गोसाईकुण्ड गाउँपालिका ........................................................................................................ ७

६.४.१ स्थानीय विपद् व्यवस्थापनका सम्बन्धमा गोसाईकुण्ड गाउँपालिकाबाट प्राप्त भएको विवरणः .............. ७

६.४.२ वातावरण संरक्षण सम्बन्धमा रसुवाको गोसाईकुण्ड गाउँपालिकाबाट प्राप्त भएको विवरणः ................ ८

६.४.३ समस्या र चुनौतिः ........................................................................................................ ८

६.५ नौकुण्ड गाउँपालिका ........................................................................................................ ८

६.५.१ स्थानीय विपद् व्यवस्थापनका सम्बन्धमा रसुवाको नौकुण्ड गाउँपालिकाबाट प्राप्त भएको विवरणः ......... ८

६.५.२ वातावरण संरक्षण सम्बन्धमा रसुवाको नौकुण्ड गाउँपालिकाबाट प्राप्त भएको विवरणः ...................... ९

६.५.३ समस्या र चुनौतिः.......................................................................१०
७ निष्कर्ष र सुझाव.......................................................................११
८. तस्विरहरु.......................................................................१२
८.१ आमाछोदिङमो गाउँपालिका.......................................................................१२
८.२ उत्तरगया गाउँपालिका.......................................................................१३
८.३ कालिका गाउँपालिका.......................................................................१४
८.४ गोसाईकुण्ड गाउँपालिका.......................................................................१५
८.५ नौकुण्ड गाउँपालिका.......................................................................१६

१ पृष्ठभूमिः

स्थानीय तहमा विपद व्यवस्थापन र वातावरण संरक्षण एकअर्कासँग अन्तरसम्बन्धित विषय हुन्। नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले यी दुवै क्षेत्रको व्यवस्थापन गर्ने मुख्य जिम्मेवारी स्थानीय तहलाई सुम्पेको छ।

जोखिम न्यूनीकरणदेखि प्रतिकार्य र पुनर्लाभसम्मका विपद् व्यवस्थापनका कार्यहरू पर्दछन्। प्रत्येक स्थानीय तहले आफ्नै 'विपद व्यवस्थापन ऐन' र 'स्थानीय विपद व्यवस्थापन समिति' गठन गरी कार्य गर्नुपर्ने व्यवस्था रहेको छ। साथै, विपद पूर्व सूचना केन्द्रको स्थापना, खोज तथा उद्धार सामग्रीको व्यवस्थापन र आपत्कालीन कार्य सञ्चालन केन्द्र सञ्चालन,जोखिम नक्सांकन, विपद कोष स्थापना र सञ्चालन समेत स्थानीय तहले गर्ने व्यवस्था रहेको छ। यसर्थ विपद् व्यवस्थापनमा स्थानीय तहको भुमिका महत्त्वपूर्ण हुनजान्छ।

अर्कोतर्फ वातावरण संरक्षण नागरिकको मौलिक अधिकार अन्तर्गत पर्दछ। स्थानीय तहमा वातावरण संरक्षणका लागि फोहोरमैला व्यवस्थापन, हरियाली प्रवर्द्धन, जलस्रोतको संरक्षण, प्रदूषण नियन्त्रण, प्लास्टिक मुक्त अभियान जस्ता कार्यहरू गर्नुपर्ने देखिन्छ। यसका लागि स्थानीय तहले आफ्नै वातावरण संरक्षण कानुन बनाएर लागू गर्न सक्छन्। साथै, नदीजन्य पदार्थ जस्तै ढुङ्गा, गिट्टी, बालुवा उत्खनन गर्दा वातावरणमा क्षति नपुग्ने गरी ठेक्का व्यवस्थापन र प्राविधिक जाँच गर्ने काम समेत स्थानीय तहले गर्नुपर्दछ। जनचेतना अभिवृद्धि र जलवायु परिवर्तन अनुकूलनजस्ता कार्यहरू स्थानीय तहकै कार्यक्षेत्र भित्र परेका देखिन्छन।

२ सन्दर्भः

स्थानीय तहमा विपद व्यवस्थापन र वातावरण संरक्षण सम्बन्धी अन्तरक्रियाका लागि जिल्ला समन्वय समितिको कार्यालयलाई १४० हजार वार्षिक बजेटको व्यवस्था गरिएको छ। अन्तरक्रियाका लागि सर्वप्रथम आवश्यक सूचना सङ्कलन गर्न सूचकहरू बनाई सबै पालिकाहरूमा पत्राचार एवम् ताकेता गरिएकोमा अपूर्ण विवरण/आंशिक विवरण प्राप्त भएकाले यसका लागि स्थलगत रूपमै तथ्याङ्क सङ्कलन गर्नु परेको छ। पाँच वटै पालिकाबाट पूर्ण विवरण प्राप्त गरी एकीकृत विवरण तयार गरिनेछ।

३ उद्देश्यः

स्थानीय तहमा विपद व्यवस्थापन र वातावरण संरक्षण सम्बन्धी अन्तरक्रियाका लागि आवश्यक तथ्याङ्क सङ्कलन,विश्लेषण एवम् एकीकरण गर्नु प्रमुख उद्देश्य रहेको यस अनुगमन कार्यक्रममा देहायका उद्देश्यहरू समेत बुँदावद्ध गर्न सकिन्छः

- ✓ विपद पूर्वतयारी र प्रतिकार्यका लागि राखिएका खोज तथा उद्धार सामाग्रीहरू (जस्तैः स्टेचर, लाइफ ज्याकेट, दमकल) दुरुस्त अवस्था एकीन गर्ने
- ✓ विपद् व्यवस्थापन कोषको अवस्था
- ✓ विपद् म्यापिङ भए नभएको विषयमा तथ्यहरू सङ्कलन गर्नु
- ✓ नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) उत्खनन सम्बन्धमा स्वीकृत मापदण्ड पालना भए नभएको

- ✓ फोहोर व्यवस्थापनसम्बन्धमा भए गरेका नविनतम कार्यहरू
- ✓ पालिकाद्वारा भएका निरोधात्मक एवम् प्रवर्धनात्मक कार्यहरूको अवस्था
- ✓ समस्या एवम् सुधारका उपायहरूको पहिचान एवम् सार्वजनिकीकरण

४ टोली र मितिः

जिल्ला समन्वय अधिकारीको नेतृत्वमा मिति २०८३/०१/०९ गतेदेखि ऐ.ऐ. १२ गतेसम्ममा उत्तरगया गाउँपालिका, मिति २०८३/०१/३० गतेदेखि मिति २०८३/०२/०२ गतेसम्म कालिका गाउँपालिका, मिति २०८३/०२/१७ गतेदेखि ऐ.ऐ २० गतेसम्म नौकुण्ड गाउँपालिका र इन्जिनियर श्री दिपराज बस्नेतको नेतृत्वमा मिति २०८३/०२/१० गतेदेखि ऐ.ऐ. १२ गतेसम्म गोसाईकुण्ड गाउँपालिका र आमाछोदिङमो गाउँपालिकामा अनुगमन कार्य सम्पन्न भएको छ।

५ विधिः

यस कार्यालयलाई भएको बजेटको अवस्था एवम् अन्तरक्रियाका लागि प्रतिवेदन समेत तयार गर्नुपर्ने भएकाले देहायका विधिहरु अवलम्बन गरिएका छन्ः

- ✓ स्थानीय विपद् व्यवस्थापन तथा वातावरण संरक्षण सम्बन्धमा सूचकहरू तयार गरी सम्बन्धित स्थानीय तहमा पत्राचार
- ✓ पत्राचार वमोजिम विवरण तयार गर्न वारम्वार ताकेता (इमेल, फोन आदि)
- ✓ विवरण आंशिक/अपूर्ण रूपमा प्राप्त भएकाले स्थलगत अवलोकन
- ✓ सम्बन्धित पालिकामा अन्तरक्रिया र छलफल
- ✓ स्थलगत भ्रमणबाट प्राप्त तथ्याङ्कलाई आधार मानी प्रतिवेदन तयार गर्ने

६ प्राप्तिः

६.१ आमाछोदिङमो गाउँपालिका

६.१.१ स्थानीय विपद् व्यवस्थापनका सम्बन्धमा आमाछोदिङमो गाउँपालिकाबाट प्राप्त भएको विवरणः

स्थानीय विपद् व्यवस्थापनका सम्बन्धमा रसुवाको आमाछोदिङमो गाउँपालिकाबाट प्राप्त भएको विवरण यस प्रकार छः

- ✓ विपद् तथा प्रकोप व्यवस्थापन शीर्षकमा ०.७६ प्रतिशत बजेट रहेको। यस शाखामा अधिकृत स्तरको १ जना कर्मचारीहरू रहेको। चालु आ.व.मा ५० प्रतिशत खर्च भएको।
- ✓ १५ सदस्यीय स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति गठन भएको
- ✓ चालु आवको हालसम्मा प्राकृतिक र गैरप्राकृतिक दुबै खालका विपद्का घटना भएका तर मानवीय क्षति नभएको
- ✓ विपद् व्यवस्थापन कोषको प्रयोग र लेखापरीक्षण भएको
- ✓ भवन मापदण्ड लागु भएको। घरनक्सा स्वीकृत गरी घर निर्माण गर्नेगरी कार्यविधि लागु भएपनि पूर्ण रूपमा कार्यान्वयन गर्न नसकिएको

- ✓ विद्यालय तहको शैक्षिक पाठ्यक्रममा कक्षा १ देखि ५ सम्ममा विपद् व्यवस्थापनको सामाग्री राखिएको
- ✓ विपद् व्यवस्थापनका लागि सार्वजनिक संस्थान र व्यावसायिक प्रतिष्ठानले गरेका कार्यहरूको अनुगमन नगरिएको
- ✓ रेडियो, फेसबुक, ट्वीटर आदिबाट विपद् व्यवस्थापन सूचना प्रणाली तथा पूर्व चेतावनी प्रणालीको विकास र सञ्चालन गरिएको
- ✓ आपतकालीन केन्द्र स्थापना र सञ्चालन नभएको
- ✓ जोखिमयुक्त स्थानमा बसोबास गरिरहेका घरधुरीको सङ्ख्या ३०० रहेको
- ✓ विपद् प्रतिकार्यका लागि आपत्कालीन नमुना अभ्यास पालिका स्वयम्ले नगरेको
- ✓ विपद् व्यवस्थापनसँग सम्बन्धित प्रतिवेदन तयार गरी सम्बन्धित निकायमा पेश गर्ने गरिएको
- ✓ विपद् म्यापिङको कार्य GPS बाट हुन बाँकी रहेको
- ✓ वडास्तरमा विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन भएको
- ✓ एम्बुलेन्स र फायर एक्सटिंग्विशर भएको तर वारुण यन्त्र नभएको
- ✓ भूउपयोग योजना बनेको तर कार्यान्वयन नभएको
- ✓ संस्थागत क्षमता विकासका लागि गोष्ठी, सेमीनार तथा अन्य क्षमता विकास सम्बन्धी कार्यक्रमहरु नभएको।

६.१.२ वातावरण संरक्षण सम्बन्धमा आमाछोदिङमो गाउँपालिकाबाट प्राप्त भएको विवरणः

वातावरण संरक्षण सम्बन्धमा आमाछोदिङमो गाउँपालिकाबाट प्राप्त भएको विवरण यस प्रकार छ

- ✓ पालिकामा सम्बन्धित शाखा रहेको/१ जना कर्मचारी तोकिएको
- ✓ वातावरण संरक्षण शीर्षकमा बजेट विनियोजन नभएको
- ✓ वातावरण संरक्षण सम्बन्धमा २ ओटा कार्यविधि निर्माण भएको
- ✓ हालसम्म आयोजनाको IEE सम्पन्न भई कार्यपालिकाबाट मिति २०८२/०४/०५ गते स्वीकृत भएको
- ✓ ढल व्यवस्थापनका लागि सेफ्टीटेंक प्रयोग हुने गरेको
- ✓ ल्याण्डफिल साइट भएको, फोहोरमैला प्रशोधन केन्द्र, सरसफाइ व्यवस्थापनका लागि सवारी साधन र सार्वजनिक सौचालय नभएको
- ✓ वातावरण प्रदुषण र व्यवस्थापन सम्बन्धी मापदण्डहरू निर्धारण भएको
- ✓ एकीकृत बस्ती विकास मापदण्ड तथा योजना नभएको
- ✓ ढुङ्गा, गिट्टी बालुवा उत्खनन र सङ्कलन क्षेत्र निर्धारण नभएको
- ✓ ढुङ्गा, गिट्टी बालुवा उत्खनन र सङ्कलन कार्य ठेक्का विना भैरहेको। पालिकाको कर्मचारीबाट कर संकलन हुने
- ✓ खानीजन्य पदार्थको उत्खनन तथा सङ्कलन गरिने क्षेत्रका लागि पालिकाद्वारा नेपाल सरकार, खानी तथा भूगर्भ विभागबाट स्वीकृति नलिइएको
- ✓ सामुदायिक बनको सङ्ख्या ३० ओटा रहेको। गाउँपालिकामा २६९२ हेक्टर बनजङ्गल रहेको।

- ✓ जनताद्वारा खाना पकाउन प्रयोग गरिने इन्धनको सम्बन्धमा सर्भेक्षण नभएको
- ✓ वातावरण निरीक्षकको व्यवस्था नभएको

### ६.१.३ समस्या र चुनौतिः

- ✓ विपद् व्यवस्थापन सम्बन्धी कार्य गर्नका लागि बजेट अप्रयाप्त रहेको
- ✓ विपद् व्यवस्थापन शाखामा जनशक्तिको अभाव रहेको
- ✓ विपद् सम्बन्धी पूर्वतयारीप्रति जनताको कम चासो
- ✓ विपद्का नयाँ नयाँ क्षेत्रहरू वर्षेनी थप हुने जस्तै, डढेलो, इलेक्ट्रीक सक, वेमौसमी बाढी, पहिरो आदि
- ✓ विपद् व्यवस्थापनका लागि आवश्यक स्रोतसाधनको अभाव भएको
- ✓ वातावरण संरक्षणमा पालिकाको बजेट विनियोजन नहुनु

## ६.२ उत्तरगया गाउँपालिका

### ६.२.१ स्थानीय विपद् व्यवस्थापनका सम्बन्धमा उत्तरगया गाउँपालिकाबाट प्राप्त भएको विवरणः

स्थानीय विपद् व्यवस्थापनका सम्बन्धमा रसुवाको उत्तरगया गाउँपालिकाबाट प्राप्त भएको विवरण यस प्रकार छः

- ✓ विपद् व्यवस्थापनका लागि २.८६ प्रतिशत बजेट रहेको। यस पालिकामा शाखा प्रमुखसहित ३ जना कर्मचारीहरू रहेको
- ✓ मिति २०७५/०३/१९ गते विपद् व्यवस्थापन ऐन जारी भएको
- ✓ १५ सदस्यीय स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति गठन भएको
- ✓ विपद् व्यवस्थापन कोषको प्रयोग र लेखापरीक्षण भएको
- ✓ चालु आ.व.को हालसम्म १५ वटा प्राकृतिक विपदका घटनाहरू भएका
- ✓ जोखिमयुक्त स्थानमा बसोबास गरिरहेका घरधुरीको सङ्ख्या ५५७
- ✓ विपद्बाट मानवीय क्षति नभएको
- ✓ भवनसंहिता लगायत् विपद् व्यवस्थापनका लागि हालसम्म लागु भएका कार्यविधि र मापदण्डको सङ्ख्या ७ ओटा रहेको
- ✓ विपद् म्यापिङको कार्य भएको
- ✓ वडास्तरमा विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन भएको
- ✓ विपद व्यवस्थापन सूचना प्रणाली तथा पूर्व चेतावनी प्रणालीको विकास भएको
- ✓ २०७९ सालमा आपतकालीन केन्द्र स्थापना भएको
- ✓ २ वटा एम्बुलेन्स भएको
- ✓ भूउपयोग योजना नबनेको
- ✓ संस्थागत क्षमता विकासका लागि स्वयंसेवक व्यूरो गठन एवम् परिचालन

६.२.२ वातावरण संरक्षण सम्बन्धमा उत्तरगया गाउँपालिकाबाट प्राप्त भएको विवरण:

वातावरण संरक्षण सम्बन्धमा रसुवाको उत्तरगया गाउँपालिकाबाट प्राप्त भएको विवरण यस प्रकार छ:

- ✓ पालिकामा सम्बन्धित शाखा रहेको/२ जना कर्मचारी तोकिएको
- ✓ वातावरण संरक्षण शीर्षकमा बजेट विनियोजन नभएको
- ✓ वातावरण संरक्षण सम्बन्धमा एक कानुन निर्माण भएको
- ✓ हालसम्म एउटा आयोजनाको IEE सम्पन्न भई कार्यपालिकाबाट स्वीकृत भएको
- ✓ ढल व्यवस्थापन, ल्याण्डफिल साइट र सार्वजनिक सौचालय नभएको
- ✓ ढुङ्गा, गिट्टी बालुवा उत्खनन र सङ्कलन क्षेत्र नभएको
- ✓ सामुदायिक बनको सङ्ख्या २३ ओटा रहेको
- ✓ २ ओटा खाली स्थानको अभिलेखीकरण भएको
- ✓ वातावरण निरीक्षकको व्यवस्था नभएको

६.२.३ समस्या र चुनौतिः

- ✓ IEE र EIA गर्न कानुनी रूपमा अप्ठेरो परेको
- ✓ विपद् कोषमा न्यून रकम विनियोजन
- ✓ विपद् व्यवस्थापनका लागि तालिमप्राप्त जनशक्ति र विषयविज्ञहरूको कमी
- ✓ आपत्कालीन समयका लागि आवश्यक खाद्यान्न, औषधि र त्रिपालहरू भण्डारणको स्थान अभाव
- ✓ बेमौसमी बाढीको समस्या

६.३ कालिका गाउँपालिका

६.३.१ स्थानीय विपद् व्यवस्थापनका सम्बन्धमा रसुवाको कालिका गाउँपालिकाबाट प्राप्त भएको विवरणः

स्थानीय विपद् व्यवस्थापन सम्बन्धमा रसुवाको कालिका गाउँपाललिकाबाट प्राप्त भएको विवरण यस प्रकार छ:

- ✓ विपद् तथा प्रकोप व्यवस्थापन शीर्षकमा ०.८७ प्रतिशत बजेट रहेको। यस शाखामा प्रमुखसहित २ जना कर्मचारीहरू रहेको। चालु आ.व.मा ९१ प्रतिशत खर्च भएको।
- ✓ मिति २०७५/०४/०३ गते पालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन जारी भएको
- ✓ १५ सदस्यीय स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति गठन भएको
- ✓ चालु आवको हालसम्मा प्राकृतिक र गैरप्राकृतिक दुबै खालका विपद्का घटना भएका तर मानवीय क्षति नभएको
- ✓ विपद् व्यवस्थापन कोषको प्रयोग र लेखापरीक्षण भएको
- ✓ भवन संहिता लागु भएको। घरनक्सा स्वीकृत गरी घर निर्माण गर्नेगरी कार्यविधि लागु भएपनि पूरंण रूपमा कार्यान्वयन गर्न नसकिएको
- ✓ विद्यालय तहको शैक्षिक पाठ्यक्रममा विपद् व्यवस्थापनको सामाग्री राखिएको
- ✓ विपद् व्यवस्थापनका लागि सार्वजनिक संस्थान र व्यावसायिक प्रतिष्ठानले गरेका कार्यहरूको अनुगमन नगरिएको

- ✓ रेडियो, फेसबुक, ट्वीटर आदिबाट विपद् व्यवस्थापन सूचना प्रणाली तथा पूर्व चेतावनी प्रणालीको विकास र सञ्चालन गरिएको
- ✓ मिति २०८२/१२/०५ गते आपतकालीन केन्द्र सञ्चालन भएको
- ✓ जोखिमयुक्त स्थानमा बसोबास गरिरहेका घरधुरीको सङ्ख्या ६८
- ✓ विपद् प्रतिकार्यका लागि आपत्कालीन नमुना अभ्यास पालिका स्वयम्ले नगरेको
- ✓ विपद् व्यवस्थापनसँग सम्बन्धित प्रतिवेदन तयार गरी सम्बन्धित निकायमा पेश गर्ने गरिएको
- ✓ विपद् म्यापिङको कार्य GPS बाट हुन बाँकी
- ✓ वडास्तरमा विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन भएको
- ✓ एम्बुलेन्स र शव बहान भएको तर वारण यन्त्र नभएको
- ✓ भूउपयोग योजना बनेको
- ✓ संस्थागत क्षमता विकासका लागि गोष्ठी, सेमीनार, नेपाली सेनाको कार्यक्रममा सहभागी

**६.३.२ वातावरण संरक्षण सम्बन्धमा कालिका गाउँपालिकाबाट प्राप्त भएको विवरणः**

**वातावरण संरक्षण सम्बन्धमा रसुवाको कालिका गाउँपालिकाबाट प्राप्त भएको विवरण यस प्रकार छः**

- ✓ पालिकामा सम्बन्धित शाखा रहेको/१ जना कर्मचारी तोकिएको
- ✓ वातावरण संरक्षण शीर्षकमा बजेट विनियोजन नभएको
- ✓ वातावरण संरक्षण सम्बन्धमा एक ऐन र ५ ओटा कार्यविधि निर्माण भएको
- ✓ हालसम्म आयोजनाको IEE सम्पन्न भई कार्यपालिकाबाट स्वीकृत भएको अभिलेख नरहेको
- ✓ ढल व्यवस्थापनका लागि सेफ्टीटेंक प्रयोग हुने गरेको
- ✓ ल्याण्डफिल साइट, फोहोरमैला प्रशोधन केन्द्र र सार्वजनिक सौचालय भएको
- ✓ सरसफाइ व्यवस्थापनका लागि सवारी साधनको व्यवस्था भएको
- ✓ वातावरण प्रदुषण र व्यवस्थापन सम्बन्धी मापदण्डहरू निर्धारण नभएको
- ✓ एकीकृत बस्ती विकास मापदण्ड तथा योजना नभएको
- ✓ ढुङ्गा, गिट्टी बालुवा उत्खनन र सङ्कलन क्षेत्र निर्धारण नभएको
- ✓ ढुङ्गा, गिट्टी बालुवा उत्खनन र सङ्कलन कार्य ठेक्का विना भैरहेको। पालिकाको कर्मचारीबाट कर संकलन हुने
- ✓ खानीजन्य पदार्थको उत्खनन तथा सङ्कलन गरिने क्षेत्रका लागि पालिकाद्वारा नेपाल सरकार, खानी तथा भूगर्भ विभागबाट स्वीकृति नलिइएको
- ✓ लाङटाङ राष्ट्रिय निकुञ्जसँग समन्वय गरी उत्खनन कार्य गर्न नसकिएको
- ✓ सामुदायिक बनको सङ्ख्या १२ ओटा रहेको। गाउँपालिकाको पाश्वचित्र २०७५ अनुसार १९ प्रतिशत बनजङ्गल।
- ✓ जनताद्वारा खाना पकाउन प्रयोग गरिने इन्धनको सम्बन्धमा सर्भेक्षण नभएको
- ✓ पार्क, बगैचा, खाली स्थान जस्ता २ ओटा स्थानहरूको अभिलेखीकरण भएको
- ✓ वातावरण निरीक्षकको व्यवस्था नभएको

६.३.३ समस्या र चुनौतिः

- ✓ विपद् व्यवस्थापन शाखाबाट प्रस्ताव गरिएका कार्यक्रमहरूमा बजेट विनियोजन नहुने
- ✓ विपद् सम्बन्धी पूर्वतयारीप्रति जनताको कम चासो
- ✓ विपद्का नयाँ नयाँ क्षेत्रहरू वर्षेनी थप हुने जस्तै, कोरोना, इलेक्ट्रीक सक, बेमौसमी बाढी आदि
- ✓ संरक्षित क्षेत्र भित्र पालिका रहेको हुँदा योजना कार्यान्वयनमा कानुनी जटीलता
- ✓ वातावरण संरक्षणमा पालिकाको बजेट विनियोजन नहुनु

## ६.४ गोसाईकुण्ड गाउँपालिका

### ६.४.१ स्थानीय विपद् व्यवस्थापनका सम्बन्धमा गोसाईकुण्ड गाउँपालिकाबाट प्रास भएको विवरणः

स्थानीय विपद् व्यवस्थापनका सम्बन्धमा रसुवाको गोसाईकुण्ड गाउँपालिकाबाट प्रास भएको विवरण यस प्रकार छः

- ✓ विपद् तथा प्रकोप व्यवस्थापन शीर्षकमा १.१५ प्रतिशत बजेट रहेको। यस शाखामा १ जना कर्मचारीहरू रहेको। चालु आ.व.मा ४,९९,७४२/- रकम खर्च भएको।
- ✓ हालसम्म गाउँपालिकाबाट विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन जारी नभएको
- ✓ १५ सदस्यीय स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति गठन भएको
- ✓ चालु आवको हालसम्मा प्राकृतिक र गैरप्राकृतिक दुबै खालका विपद्का घटना भएका तर मानवीय क्षति नभएको
- ✓ विपद् व्यवस्थापन कोषको प्रयोग र लेखापरीक्षण भएको
- ✓ भवन संहिता लागु भएको। घरनक्सा स्वीकृत गरी घर निर्माण गर्नेगरी कार्यविधि लागु भएपनि नक्सा पास अनिवार्य नभएको
- ✓ विद्यालय तहको शैक्षिक पाठ्यक्रममा विपद् व्यवस्थापनको सामाग्री राखिएको
- ✓ विपद् व्यवस्थापनका लागि सार्वजनिक संस्थान र व्यावसायिक प्रतिष्ठानले गरेका कार्यहरूको अनुगमन गरिएको
- ✓ रेडियो, फेसबुक, ट्वीटर आदिबाट विपद् व्यवस्थापन सूचना प्रणाली तथा पूर्व चेतावनी प्रणालीको विकास र सञ्चालन गरिएको
- ✓ आपतकालीन केन्द्र सञ्चालन नभएको
- ✓ जोखिमयुक्त स्थानमा बसोबास गरिरहेका घरधुरीको सङ्ख्या ३०० रहेको
- ✓ विपद् प्रतिकार्यका लागि आपतकालीन नमुना अभ्यास नभएको
- ✓ विपद् व्यवस्थापनसँग सम्बन्धित प्रतिवेदन तयार गरी सम्बन्धित निकायमा पेश गर्ने गरिएको
- ✓ विपद् म्यापिङको कार्य हुन बाँकी
- ✓ वडास्तरमा विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन नभएको
- ✓ एम्बुलेन्स भएको तर वारुण यन्त्र नभएको
- ✓ भूउपयोग योजना नभएको
- ✓ संस्थागत क्षमता विकासका लागि गोष्ठी, सेमीनार, नेपाली सेनाको कार्यक्रममा सहभागी

६.४.२ वातावरण संरक्षण सम्बन्धमा रसुवाको गोसाईकुण्ड गाउँपालिकाबाट प्राप्त भएको विवरण:

वातावरण संरक्षण सम्बन्धमा रसुवाको गोसाईकुण्ड गाउँपालिकाबाट प्राप्त भएको विवरण यस प्रकार छ:

- ✓ पालिकामा सम्बन्धित शाखा रहेको/१ जना कर्मचारी तोकिएको
- ✓ वातावरण संरक्षण शीर्षकमा बजेट विनियोजन नभएको
- ✓ वातावरण संरक्षण सम्बन्धमा एक ऐन र एक ओटा कार्यविधि निर्माण भएको
- ✓ हालसम्म कुनैपनि आयोजनाको IEE सम्पन्न भएको अभिलेख नरहेको
- ✓ जलवायु अनुकुलन सम्बन्धी नीति तथा कार्यक्रम नरहेको
- ✓ ल्याण्डफिल साइट र सार्वजनिक सौचालय भएको। फोहोरमैला प्रशोधन केन्द्र नभएको
- ✓ सरसफाइ व्यवस्थापनका लागि सवारी साधनको व्यवस्था भएको
- ✓ वातावरण प्रदुषण र व्यवस्थापन सम्बन्धी मापदण्डहरू निर्धारण नभएको
- ✓ एकीकृत बस्ती विकास मापदण्ड तथा योजना नभएको
- ✓ ढुङ्गा, गिट्टी बालुवा उत्खनन र सङ्कलन क्षेत्र निर्धारण नभएको
- ✓ सामुदायिक बनको सङ्ख्या १० ओटा
- ✓ जनताद्वारा खाना पकाउन प्रयोग गरिने इन्धनको सम्बन्धमा सर्भेक्षण भएको
- ✓ पार्क, बगैचा, खाली स्थान जस्ता स्थानहरूको अभिलेखीकरण भएको (रेडपाण्डा पार्क धुन्चे वडा नं. ०६)
- ✓ वातावरण निरीक्षकको व्यवस्था नभएको

६.४.३ समस्या र चुनौतिः

- ✓ विपद् व्यवस्थापन शाखाबाट प्रस्ताव गरिएका कार्यक्रमहरूमा बजेट विनियोजन नहुने
- ✓ भौगोलिक विकटता चुनौतिका रुपमा रहेको
- ✓ विपद् सम्बन्धी पूर्वतयारीप्रति जनताको कम चासो
- ✓ विपद्का नयाँ नयाँ क्षेत्रहरू वर्षेनी थप हुने जस्तै बाढी, पहिरो, अन्य विभिन्न रोगहरु आदि
- ✓ IEE र EIA गर्न कानुनी रूपमा अप्ठेरो परेको
- ✓ वातावरण संरक्षणमा पालिकाको बजेट विनियोजन नहुनु
- ✓ उद्दार तथा राहत सामग्रीहरुको अभाव

६.५ नौकुण्ड गाउँपालिका

६.५.१ स्थानीय विपद् व्यवस्थापनका सम्बन्धमा रसुवाको नौकुण्ड गाउँपालिकाबाट प्राप्त भएको विवरण:

स्थानीय विपद् व्यवस्थापनका सम्बन्धमा रसुवाको नौकुण्ड गाउँपालिकाबाट प्राप्त भएको विवरण यस प्रकार छ:

- ✓ विपद् तथा प्रकोप व्यवस्थापन शीर्षकमा बजेट विनियोजन भएको। यस शाखामा प्रमुखसहित २ जना कर्मचारीहरू रहेको। चालु आ.व.मा कुल विनियोन भएको बजेटको ४९.५१ प्रतिशत रकम खर्च भएको।
- ✓ मिति २०७६/०३/३१ गते पालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन जारी भएको
- ✓ १५ सदस्यीय स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति गठन भएको
- ✓ चालु आवको हालसम्मा प्राकृतिक र गैरप्राकृतिक दुबै खालका विपद्का घटना भएका तर मानवीय क्षति नभएको
- ✓ विपद् व्यवस्थापन कोषको प्रयोग र लेखापरीक्षण भएको
- ✓ भवन संहिता लागु नभएको। घरनक्सा स्वीकृत गरी घर निर्माण गर्नेगरी कार्यविधि लागु भएपनि पूरंण रूपमा कार्यान्वयन गर्न नसकिएको
- ✓ विद्यालय तहको शैक्षिक पाठ्यक्रममा विपद् व्यवस्थापनको सामाग्री राखिएको
- ✓ विपद् व्यवस्थापनका लागि सार्वजनिक संस्थान र व्यावसायिक प्रतिष्ठानले गरेका कार्यहरूको अनुगमन गरिएको
- ✓ रेडियो, फेसबुक, ट्वीटर आदिबाट विपद् व्यवस्थापन सूचना प्रणाली तथा पूर्व चेतावनी प्रणालीको विकास र सञ्चालन गरिएको
- ✓ आपतकालीन केन्द्र स्थापना र सञ्चालन भएको
- ✓ जोखिमयुक्त स्थानमा बसोबास गरिरहेका घरधुरीको सङ्ख्या २४ रहेको
- ✓ विपद् प्रतिकार्यका लागि आपत्कालीन नमुना अभ्यास गरेको
- ✓ विपद् व्यवस्थापनसँग सम्बन्धित प्रतिवेदन तयार गरी सम्बन्धित निकायमा पेश गर्ने गरिएको
- ✓ विपद् म्यापिङको कार्य GPS बाट हुन बाँकी
- ✓ वडास्तरमा विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन भएको
- ✓ एम्बुलेन्स भएको, शव बहान र वारण यन्त्र नभएको
- ✓ भूउपयोग योजना नबनेको
- ✓ संस्थागत क्षमता विकासका लागि गोष्ठी, सेमीनार, नेपाली सेनाको कार्यक्रममा सहभागी

### ६.५.२ वातावरण संरक्षण सम्बन्धमा रसुवाको नौकुण्ड गाउँपालिकाबाट प्राप्त भएको विवरणः

**वातावरण संरक्षण सम्बन्धमा रसुवाको नौकुण्ड गाउँपालिकाबाट प्राप्त भएको विवरण यस प्रकार छः**

- ✓ पालिकामा सम्बन्धित शाखा रहेको/१ जना कर्मचारी तोकिएको
- ✓ वातावरण संरक्षण शीर्षकमा ५ लाख बजेट विनियोजन भएको
- ✓ वातावरण संरक्षण सम्बन्धमा चार वटा ऐन, ४ ओटा कार्यविधि र एक वटा मापदण्ड/योजना निर्माण भएको
- ✓ हालसम्म कुनै पनि आयोजनाको IEE स्वीकृत नभएको
- ✓ ढल व्यवस्थापनका लागि आवश्यकता अनुसार सेप्टीटेंक प्रयोग हुने गरेको
- ✓ ल्याण्डफिल साइट, फोहोरमैला प्रशोधन केन्द्र नभएको र सार्वजनिक सौचालय भएको

- ✓ सरसफाइ व्यवस्थापनका लागि सवारी साधनको व्यवस्था भएको
- ✓ वातावरण प्रदुषण र व्यवस्थापन सम्बन्धी मापदण्डहरू निर्धारण नभएको
- ✓ एकीकृत बस्ती विकास मापदण्ड तथा योजना नभएको
- ✓ ढुङ्गा, गिट्टी बालुवा उत्खनन र सङ्कलन कार्यको व्यवस्थापन लाङटाङ राष्ट्रिय निकुञ्जबाट हुने गरेको
- ✓ सामुदायिक वनको संख्या सम्बन्धमा सर्वेक्षण नभएको
- ✓ जनताद्वारा खाना पकाउन प्रयोग गरिने इन्धनको सम्बन्धमा सर्भेक्षण नभएको
- ✓ पार्क, बगैचा, खाली स्थानहरूको अभिलेखीकरण नभएको
- ✓ वातावरण निरीक्षकको व्यवस्था नभएको

६.५.३ समस्या र चुनौतिः


- ✓ विपद् व्यवस्थापन शाखाबाट प्रस्ताव गरिएका कार्यक्रमहरूमा बजेट विनियोजन नहुने
- ✓ विपद् सम्बन्धी पूर्वतयारीप्रति जनताको कम चासो
- ✓ IEE र EIA गर्न कानुनी रूपमा अप्ठेरो परेको
- ✓ वातावरण संरक्षणमा पालिकाको बजेट विनियोजन नहुनु
- ✓ विपद प्रतिकार्यको कार्यकालागि जनशक्ति तथा तालिमको अभाव
- ✓ भौगौलिक विकटता विद्यमान रहनु


७ निष्कर्ष र सुझाव


- ✓ पालिकाको बारूण यन्त्र नभएकाले उक्त यन्त्र भएको नजिकको पालिकासँग साझेदारी/सम्झौता
- ✓ स्थानीय तहको विपद् जोखिम व्यवस्थापन योजना, पूर्वतयारी योजना र कार्ययोजना तयार गरी कार्यान्वयन गर्न पहल गर्ने।
- ✓ स्थानीय विपद् व्यवस्थापन तथा वातावरण संरक्षण शीर्षकमा पालिकाले बजेट विनियोजन अनिवार्य रूपमा गर्ने
- ✓ आपत्कालीन समयका लागि आवश्यक खाद्यान्न, औषधि र त्रिपालहरू भण्डारणको स्थान अभाव हटाउने
- ✓ जोखीमको सही नक्साङ्कन GPS प्रणालीबाट गर्ने
- ✓ BANK LOAN का लागि मात्र नक्सा पास गर्ने कार्यलाई निरूत्साहन गर्ने
- ✓ LGPAS अनुरुप बजेट स्विकृत गर्ने
- ✓ वातावरण संरक्षण सम्बन्धमा जनचेतनामूलक कार्यक्रमहरूको सङ्ख्या बढाउनुपर्ने
- ✓ गाउँपालिका प्रोफाइललाई अद्यावधिक गरिनुपर्ने
- ✓ स्थानीय विपद कोषमा बजेट बढाउने
- ✓ वातावरण र विपदप्रति सर्वसाधारण नागरिकमा सचेतना बढाउने
- ✓ संघ, प्रदेश र स्थानीयबीच कार्यगत एकता र सञ्चारको कमी हटाउने
- ✓ विपद् अघिका चरणहरूलाई थप महत्त्व दिनुपर्ने
- ✓ प्राविधिक अध्ययन र वातावरणीय प्रभाव मूल्यांकन (IEE) विना खनिएका ग्रामीण सडकले पहिरोको जोखिम बढाएको विषयलाई हटाउने
- ✓ असुरक्षित स्थानमा रहेका बस्तीहरूलाई सुरक्षित स्थानमा सार्ने व्यवस्था गर्ने
- ✓ जोखीमको सही नक्साङ्कन गर्ने
- ✓ फोहोरको वर्गीकरण र Landfill Site को उचित व्यवस्था गर्ने गराउने
- ✓ फोहोर व्यवस्थापन/ढल व्यवस्थापनमा प्रोएक्टीभ एप्रोच अपनाउनुपर्ने
- ✓ भूमि नीति बनाई लागु गर्ने
- ✓ विपद् व्यवस्थापनका लागि स्थानीय स्तरमा सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने
- ✓ विपद् पश्चातको लागि स्थानीय स्तरमा राहत तथा उद्दार टोली गठन गर्ने

८. तस्विरहरु

## ८.१ आमाछोदिङमो गाउँपालिका








## ८.२ उत्तरगया गाउँपालिका









## ८.३ कालिका गाउँपालिका







## ८.४ गोसाईकुण्ड गाउँपालिका








## ८.५ नौकुण्ड गाउँपालिका



